कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# प्रदेश खेलकुद विकास बोर्ड
विराटनगर, नेपाल

प.सं.२०८३/०८४ मिति: २०८३/५/२२
च.नं. ९६

विषयः खेलकुद प्रतियोगितामा सहभागिता सम्बन्धमा।

**श्री जो जससँग सम्बन्ध राख्दछ।**

प्रस्तुत विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको पत्र संख्या २१५, मिति २०८३/०५/१५ को प्राप्त पत्र अनुसार संविधान दिवस भव्य रूपमा मनाउने सन्दर्भमा प्रदेश खेलकुद विकास बोर्डद्वारा तपसिलमा उल्लेखित खेलकुद कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने भएकाले इच्छुक कोशी प्रदेशका खेलाडी, कर्मचारी तथा जनप्रतिनिधिहरूले **मिति २०८३/०५/३१ गते बेलुका ५:०० बजेभित्र** तोकिएको शुल्कसहित बोर्डको कार्यालयमा नाम दर्ता गराई सहभागिता जनाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

**१. रोड रन (५० वर्षभन्दा माथि) – महिला / पुरुष**

- **दौड दूरीः** २ कि.मि.
- **मार्ग (Route):** शहीद रङ्गशाला (केन्द्र) → शनिहाट चोक → मेनरोड → जलजला चोक → हस्पिटल चोक → शहीद रङ्गशाला।
- **योग्यता/मापदण्डः** ५० वर्ष उमेर पूरा भएका इच्छुक व्यक्तिहरू। दर्ता गर्दा उमेर खुल्ने कागजात (नागरिकता वा अन्य प्रमाण-पत्र) को प्रतिलिपि निवेदनसाथ पेश गर्नुपर्नेछ।
- **पुरस्कार राशिः**
    - **प्रथमः** रु. २५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
    - **द्वितीयः** रु. २०,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
    - **तृतीयः** रु. १५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)

**२. रोड रन (१५ वर्षमुनि) – महिला / पुरुष**

- **दौड दूरीः** ३ कि.मि.
- **मार्ग (Route):** शहीद रङ्गशाला (केन्द्र) → तीनपैनी → मेनरोड (गोल्छा चोक) → जलजला चोक → हस्पिटल चोक → शहीद रङ्गशाला।
- **योग्यता/मापदण्डः** १५ वर्षमुनिका खेलाडीहरू। दर्ता गर्दा उमेर खुल्ने कागजात (जन्मदर्ता वा विद्यालयको सिफारिस) को प्रतिलिपि पेश गर्नुपर्नेछ। विद्यालयले सिफारिस गर्दा गलत विवरण सिफारिस गरेमा सम्वन्धित विद्यालयलाई कार्वाही हुने छ ।
- **पुरस्कार राशिः**

विप्लव घोष
सदस्य सचिव

फोन नं. ०२१-५९०६६० इमेलः psdb147@gmail.com

- प्रथमः रु. २५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
- द्वितीयः रु. २०,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
- तृतीयः रु. १५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)

**३. व्याडमिन्टन प्रतियोगिता – महिला/ पुरुष (समूहगत विधा मात्र)**

- **सहभागी हुन पाउनेः** कोशी प्रदेशभित्रका जनप्रतिनिधि, निजामती कर्मचारी, शिक्षक, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल सरकारका सम्पूर्ण कर्मचारीहरू।
- **दर्ता शुल्कः** रु. ५००/- (प्रति टिम)
- **टाईसिट प्रकाशनः** मिति २०८३/०५/३१गते।
- **खेल हुने मिति र समयः** मिति २०८३/०६/०१ र २ गते बिहान ७:०० बजेदेखि।
- **स्थानः** शहीद रङ्गशालाको व्याडमिन्टन हल, विराटनगर।
- **विशेष नियमः** सहभागी खेलाडीहरूले आफूलाई आवश्यक पर्ने र्यकिट (Racket) को व्यवस्था स्वयं गर्नुपर्नेछ ।
- **पुरस्कार राशिः**
  - प्रथमः रु. २५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
  - द्वितीयः रु. २०,०००/- (नगद, मेडल र प्रमाण-पत्र)
  - तृतीयः रु. १५,०००/- (नगद, मेडल र प्रमाण-पत्र)

विप्लव घोष
सदस्य सचिव
प्रदेश खेलकुद विकास वोर्ड
कोशी प्रदेश

सम्पर्क व्यक्तिहरू
विनोद पाण्डे- ९८४२८७७५४३
त्रिविजित कार्की- ९८४२०२६६८१
वाल कुमार खनाल- ९८४२९२६८१०